**नगर सभाको मिति २०७५।६।८ गतेको वैठकमा वजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक एवम नगरपालिका उपप्रमुख केशव कुमारी खराल  द्वारा प्रस्तुत**

# आर्थिक वर्ष २०७५/७६ को
# राजश्व र व्ययको अनुमान

वजेट वक्तव्य

रंगेली नगरपालिका
मोरङ्ग
२०७५

**रंगेली नगरपालिकाको दोश्रो नगर सभाका सभाध्यक्ष तथा नगर प्रमुख श्री दिलिप कुमार अग्रवालको अनुमतिमा नगरपालिकाका उपप्रमुख एवम वजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक केशव कुमारी खरालले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७५/७६ को वजेट बक्तव्य**

**श्रद्धेय सभाध्यक्ष महोदय,**

**प्रमुख प्रशासकिय अधिकृत ज्यु**

**नगर कार्यपालिकाका सदस्य ज्यूहरु,**

**नगर सभाका सम्पुर्ण सदस्य ज्यूहरु,**

रंगेली नगरपालिकाको आर्थिक वर्ष २०७५/७६ को नीति, कार्यक्रम तथा वजेट समेटिएको यो वजेट वक्तव्य सम्मानित दोश्रो नगरसभामा श्रद्धेय नगर प्रमुखको अनुमतिमा नगरपालिकाका उपप्रमुख एवम वजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजकको हैसियतले सभा समक्ष पेश गर्न पाउँदा मलाई खुशि लागेको छ। नेपालको संविधानले अंगिकार गरेको संघीय शासन प्रणाली कार्यान्वयनको वर्तमान जटिल अवस्थामा नगर कार्यपालिकाको निर्णय वमोजिम यस रंगेली नगरपालिकाको नीति, कार्यक्रम र बजेट प्रस्तुत गर्न पाउँदा श्रद्धेय नगर प्रमुख समक्ष हार्दिक आभार समेत व्यक्त गर्दछु।

संवैधानिक रुपमा प्रदत्त अधिकार वमोजिम स्थानिय तहको निर्वाचनले एकातिर नागरिकलाई आफ्ना माग, समस्य र अपेक्षा निर्वाचित जन प्रतिनिधिहरु मार्फत पुरा गर्दै राज्य शक्तिको सघन प्रयोग गर्न अवसर प्रदान गरेको छ भने अर्को तर्फ प्रजातान्त्रिक प्रक्रिय मार्फत संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थालाई संस्थागत गर्न मार्ग प्रशस्त गरेको छ। संवैधानिक व्यवस्था वमोजिम जनताको नजिकमा सरकारको रुपमा रहेको स्थानीय तह व्यवस्थापिकि, कार्यकारीणि र न्ययिक अधिकार प्रयोग गर्दै जाने अपेक्षा अनुरुप विकास र समृद्धिको गन्तव्य हासिल गर्ने चरणमा हामी छौं।

**सभाध्यक्ष महोदय,**

दोश्रो नगरसभा सम्पन्न गर्ने सन्दर्भमा हामीले यस आर्थिक वर्षको केही समय व्यतित गरि सकेका छौ जसले समयमा वजेट कार्यन्वयन हुने कुरामा प्रशस्त संशय पैदा गरेको छ यसको वावजुद यि सम्पुर्ण सहभागितामुलक प्रक्रिय पुरा गरि अपेक्षित नतिजा हासिल गर्नु गराउनु हाम्रो मुख्य दायित्व वनेको छ। लामो समयको निर्वाचित जनप्रतिनिधी विहिनता वाट गुज्रेको साविकका स्थानीय निकाय संवैधानिक अधिकार सहित शक्तिशाली स्थानीय तहमा आज हामी निर्वाचित भएर जिम्मेवारी निर्वाह गर्ने क्रममा रहँदा जनताका असिमित आवश्यकता र अपेक्षा सम्वोधन गर्ने प्रयत्न स्वरुप यो बजेट, नीति तथा कार्यक्रममा समायोजन गर्ने अधिक्तम प्रयास गरेका छौं। विधि र नितिलाई पालना गर्दै गराउदै सेवालाई संस्थागत गर्दै यस नगर सभावाट पारित भएका योजना तथा कार्यक्रमहरुको इमान्दारिपुर्वक तिव्र कार्यान्वयनको ठोस प्रतिवद्धता समेत हामी सवैले सामुहिक रुपमा आजैका मितिमा व्यक्त गर्नु पर्ने भएको छ।

**सभाध्यक्ष महोदय,**

प्रत्येक स्थानीय तहहरुको आ आफ्नो विशेषता र विविधता रहेका छन यसैको प्रर्वद्धन र व्यवस्थापन हाम्रा दायित्व हुन जसअनुसार ऐतिहासिक र सांस्कृतिक महत्व वोकेको यो नगरपालिका विकासका संभावनाहरुमा अग्र स्थानमा रहेको छ। यहाँका नगरवासीको आर्थिक, सामाजिक अवस्था तुलनात्मक रुपले वरपरका नगरपालिकाको भन्दा निकै कमजोर रहनु हाम्रा लागि चुनौतिका साथसाथै अवसर पनि हो जसको संवोधनका लागि आगामी दिनमा नयाँ सोचका साथ विधि, पद्धतिको अवलम्वन गर्दै ठोस र दिर्घकालिन महत्वका योजना सहित हामी अगाडि बढनुको अव विकल्प छैन।

**सभाध्यक्ष महोदय,**

अव म यस रंगेली नगरपालिकाको चालु वर्षको नीति, कार्यक्रम तथा वजेट निर्माणका क्रममा प्रमुख रुपमा लिएका निम्न आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लेखित स्थानिय तहको एकल तथा साझा अधिकारको सूची
- नेपालको संविधानमा उल्लेखित मौलिक हकहरु
- नेपालको संविधान भाग ४ अन्तरगतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग, वातावरण संरक्षण सम्वन्धि नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्य प्रणाली
- नेपाल सरकारवाट अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु
- संघीय सरकारले अबलम्वन गरेका आर्थिक तथा वित्तीय नीतिहरु
- स्थानीय सरकार संचालन ऐन २०७४
- विकासका समसामायिक मुद्दाहरु जस्तैः सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन, विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा , लैंगिक सशक्तिकरण तथा समावेशी विकास, वालमैत्री स्थानिय शासन, वातावरण मैत्री स्थानिय शासन, खुल्ला दिशा मुक्त तथा पूर्ण सर-सफाई, उर्जा संकट लगायतका सम्वन्धित विषयहरु
- स्थानिय तहले आवश्यक देखेका अन्य विषयहरु।

**चालु वर्षको वजेटका निम्न उद्देश्यहरु रहेका छन।**

१ भौतिक पूर्वधार र संस्थागत विकासलाई विषेश प्राथमिकता दिई अगाडि बढने

२ सेवा प्रवाहमा सहजता, पारदर्शिता , शिघ्रता, गुणस्तरियता र उत्तरदायी सेवाको सुनिश्चितता गर्ने

३ नगरपालिका प्रति आम नागरिकहरुको आस्थालाई वृद्धि गर्ने

४ नगरवासीहरुको शैक्षिक, आर्थिक र सामाजिक आवस्थामा सुधार गर्ने

५ लक्षित वर्गको सशक्तिकरण गर्ने

६ नगरवासीको प्रतक्ष्य जनसहभागितामा आधारित विकास पद्धती अबलम्वन गर्ने

**उपरोक्त उद्देश्य पूरा गर्न चालु आर्थिक वर्षका प्राथमिकताहरु**

१ सडक पूर्वाधार निर्माण र स्तरोन्नती

२ कृषि पर्यटन प्रवर्द्धन तथा कृषिको व्यवसायीकरण

३ वातावरण संरक्षण
४ रोजगारीको अवसरमा वृद्धि गरी प्रति व्यक्ति आय वृद्धि गर्ने ।
५ पर्यटकिय गन्तव्यहरुको उजागर गरी आर्थिक उपार्जन संग जोडने ।
६ संस्थागत क्षमतामा वृद्धि मार्फत सेवा प्रवाहमा प्रभावकारीता
७ सुशासनमा जोड

**चालु वजेटका नीतिहरु :-**

१ यस रंगेली नगरपालिका भित्रका सार्वजनिक जग्गा अभिलेख र व्यवस्थापनका लागि कार्य आरम्भ गरि यसलाइ निरन्तरता दिइनेछ । साथै सुकुम्वासी व्यवस्थापन र कृषि क्षेत्रको विकासको लागि आवश्यक नीति लिइनेछ ।

२ यस नगरपालिकालाई औद्योगिक नगरीको रुपमा विकास गर्न संघ, प्रदेश र निजी क्षेत्र संगको समन्वयमा आवश्यक योजना र कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

३ नगरपालिका भित्रका अधुरा र जिर्ण मठमन्दिरको निर्माण पुरा गर्न आवश्यक वजेट व्यवस्था गरिएको छ । साथै ऐतिहासिक एवं पर्यटकिय स्थलहरुको संरक्षण र संवर्द्धन गर्दै अगाडि बढने नीति लिइनेछ ।

४ हाल यस नगरपालिका भित्र सामूदायीक र निजी विद्यालयहरुवाट प्रदान गरिदै आएको शिक्षाको गुणस्तर अभिवृद्धि र समानता कायम राख्न सामूदायीक विद्यालयहरुमा रहेका व्यवस्थापन समिति र विद्यालयका पदाधिकारीहरुलाई जिम्मेवार वनाउने र निजी विद्यालयहरुको संचालन प्रकृयामा नियमनका लागी स्थानीय शिक्षा कार्यवधि निर्माण गरिएको छ जसको कार्यान्वयन वाट अपेक्षित नतिजा हासिल हुदै जानेछ ।

५ यस नगरपालिकामा रहेको रंगेली अस्पतालको संस्थागत व्यवस्थापन आज अप्रत्यक्ष रुपमा नगरपालिकाको जिम्मामा आएको छ जसको स्तरोन्नती गरी सञ्चालन र व्यवस्थापन गर्ने नीति लिइनेछ ।

६ यस रंगेली नगरपालिका नमुना शहरमा समेत छनौट भई सकेको अवस्थामा भवन तथा शहरी विकासका लागि वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्वन्धि आधारभूत मापदण्ड, २०७२ लाई कडाइका साथ कार्यन्वयन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

७ यस नगरपालिकाको संस्थागत क्षमता विकास गरी सेवा मापदण्डका आधारमा सुचना मैत्री प्रविधिको प्रयोग गरी छिटो एवं पारदर्शी रुपमा सेवा प्रवाह गर्ने नीति अख्तियार गरिनेछ ।

८ यस रंगेली नगरपालिकाको आर्थिक उन्नतीको लागी राजश्वमा नयाँ श्रोतहरुको खोजी गरी नगरपालिकाको राजश्व अभिवृद्धि गर्ने नीति अवलम्वन गरिनेछ । साथै वित्तिय अनुशासन र आन्तरिक नियन्त्रण कायम राख्न सो संग सम्वन्धित कानुन र सुशासनको मुलभूत मान्यतालाई कडाइका साथ अवलम्वन गरिने नीति लिइनेछ ।

९ यस रंगेली नगरपालिका क्षेत्रभित्रका सवै लक्षित वर्ग ( महिला, वालवालिका, आदिवासी जनजाती, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, युवा, दलित, पिछडा वर्ग, मुस्लिम, अल्पसंख्यक, विपन्न जातजाती) को क्षमता विकास र शसक्तिकरणका लागी योजना तथा कार्यक्रम क्रमश कार्यन्वयन गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव म नगरपालिकाको विनियोजन विधेयक २०७५ प्रस्तुत गर्न चाहन्छु**

## रंगेली नगरपालिका

## विनियोजन विधेयक, २०७५

**रंगेली नगरपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

**सभामा प्रस्तुत मिति : २०७५।६।८**

**प्रस्तावना :** रंगेली नगरपालिकाको आर्थिक बर्ष २०७५/७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम रंगेली नगरपालिका को सभावाट पारित गर्न यो विधेयक प्रस्तुत गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस विधेयकको नाम " रंगेली नगरपालिका को विनियोजन विधेयक, २०७५" रहेको छ ।

(२) यो विधेयक सभा वाट पारित भएपछि लागू हुनेछ ।

**२. आर्थिक वर्ष २०७५/०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०७५/०७६ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची १ मा उल्लिखित चालु खर्च, पुँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.६१,७५,५१,०००।- (अक्षेरुपी रू.६१ करोड ७५ लाख ५१ हजार मात्र .रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन :** (१) यस विधेयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/०७६ को निमित्त रंगेली नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ । यसरी सञ्चालन गरिने नगरपालिका स्तरिय, वडास्तरीय र विषयगत योजना तथा कार्यक्रमहरु अनुसुची २ मा उल्लेख गरिएको छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पुँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरसभाको वैठक नबसेको अवस्थामा नगरपालिकालाइ कुनै रकम कुनै श्रोतबाट प्राप्त भएको अवस्थामा सो रकम कार्यक्रम बनाई नगर कार्यपालिकाले निर्णय गरी खर्च गर्न सक्नेछ । यस्तो खर्च लगत्तै बस्ने नगरसभाबाट अनुमोदन गराउनु पर्नेछ ।

**सभाअध्यक्ष महोदय,**

अव म आ.व.२०७५।७६ का लागि अनुमानित वजेट वाँडफाड प्रस्तुत गर्न चाहन्छु (रु. हजारमा)

## अनुसुचि १

(दफा २ संग सम्वन्धित)

**नेपालको संविधानको धारा २२९ (२) वमोजिम**

**संचित कोषवाट विनियोजन हुने रकम**

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूजिगत खर्च | **वित्तिय व्यवस्था** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | नगर कार्यपालिका | | ३३०१६६ | १४११९३ | ० | ४७१३५९ |
| २ | वडा समिति | | १३०५० | १०८५४६ | | १२१५९६ |
| ३ | विषयगत शाखा | | ६८०० | | | ६८०० |
| ४ | ऋणको सावा व्याज /दायित्व भुक्तानी | | १७७९६ | | | १७७९६ |
| ५ | लगानी (शेयर/ऋण) | | | | | ० |
| | **जम्मा** | | ३६७८१२ | २४९७३९ | ० | ६१७५५१ |

**आदरणिय नगरप्रमुख एवम सभाध्यक्ष महोदय,**

यस सम्मानित सभा समक्ष आ.व.२०७५।०७६ को आय व्यय तथा शिर्षकगत कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

### आय तर्फ

आ.व.२०७५।०७६ मा निम्नानुसारको श्रोतवाट रू.६१ करोड ७५ लाख ५१ हजार मात्र आय हुने अनुमान गरेकोछु ।

१. आन्तरिक आय वाट रू. २ करोड प्राप्त हुने अनुमान गरिएको छ ।

२. राजश्व वाडफाड वाट जम्मा १० करोड १८ लाख ९७ हजार प्राप्त हुने अनुमान गरिएको छ । जस मध्ये

- संघीय सरकारवाट रू. ९ करोड २१ लाख ८६ हजार
- प्रदेश सरकारवाट ९७ लाख ११ हजार

३. अन्तर सरकारी वित्तिय हस्तान्तरण

- संघीय सरकारवाट जम्मा ३३ करोड १० लाख प्राप्त हुने अनुमान गरिएको छ । जस मध्ये
  - ➢ वित्तिय समानिकरण वाट रू. १५ करोड ०१ लाख प्राप्त हुनेछ ।
  - ➢ शसर्त अनुदान वाट रू. १८ करोड ०९ लाख
- प्रदेश सरकारवाट वित्तिय समानिकरण तर्फ ४० लाख ०२ हजार प्राप्त हुने अनुमान गरिएको छ ।

४. सामाजिक सुरक्षा भत्तावाट ७ करोड ०८ लाख ४६ हजार प्राप्त हुने अनुमान गरिएको छ ।

### व्यय तर्फ

१। चालुको प्रशासनिक खर्च तर्फ रू. ७ करोड ९१ लाख १० हजार विनियोजन गरिएको छ ।
२। चालुको लक्षित वर्गको कार्यक्रम खर्चतर्फ रू. ८२ लाख विनियोजन गरिएको छ ।
३। विपद कोष तर्फ रू. ६० लाख विनियोजन गरिएको छ ।
४। मर्मत कोष तर्फ कोष, रू. १ करोड विनियोजन गरिएको छ ।
५। शसर्त अनुदान तर्फ रू. १८ करोड ०९ लाख विनियोजन गरिएको छ ।
६। सामाजिक सुरक्षा खर्च तर्फ रू. ७ करोड ०८ लाख ४६ हजार विनियोजन गरिएको छ ।
७। भैपरी पूजिगत खर्च तर्फ रू. १ करोड विनियोजन गरिएको छ ।
८। समपुरक कोष (साझेदारी कार्यक्रम) खर्च तर्फ रू. १ करोड विनियोजन गरिएको छ ।
९। सडक वोर्ड (साझेदारी कार्यक्रम) खर्च तर्फ रू. १७ लाख १५ हजार विनियोजन गरिएको छ ।
१०। वडास्तरिय पूजिगत योजना तर्फ रू. ९ करोड विनियोजन गरिएको छ ।
११। क्रमागत योजना तर्फ रू. ८ करोड ६१ लाख ८४ हजार विनियोजन गरिएको छ ।
१२। नगरस्तरिय योजना तथा कार्यक्रम तर्फ रू. ३ करोड १३ लाख ४० हजार विनियोजन गरिएको छ ।
**१३।** विषयगत शाखा रू. ६८ लाख विनियोजन गरिएको छ
**१४।** पूजिगत खर्च तर्फ (फर्निचर,मेसिनरी समान अन्य खर्च) रू. ४५ लाख विनियोजन गरिएको छ
१५। दायित्व भुक्तानी तर्फ रू. १ करोड ७७ लाख ९६ हजार विनियोजन गरिएको छ ।
१६। **विभिन्न कोष मौज्दात तर्फ** रू. ४१ लाख ६१ हजार विनियोजन गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

नगरवासीको वढदो अपेक्षा र आवश्यकतालाई परिपुर्ती गर्न यो वजेट तथा कार्यक्रमलाई यथासम्भव जनमुखी, समावेशी र परिणाममुखी बनाउने प्रयास गरिएको छ । साधन श्रोतको सिमितताले नगरवासीका प्राथमिकता प्राप्त मागलाई सम्वोधन गर्न नसकिएको व्यहोरा विनम्रता पुर्वक सम्प्रेषण गर्दै त्यस्ता अपुरा मागहरुलाई आगामी योजनाहरुमा समेटिने प्रतिवद्धता समेत व्यक्त गर्न चाहन्छु।

**अन्त्यमा,**

ऐतिहासिक र प्राचीन महत्व रहेको यस रंगेली नगरपालिकाको दोश्रो नगर सभा सम्पन्न गर्न महत्वपुर्ण भूमिका निर्वाह गर्नु हुने श्रद्धेय नगर प्रमुख ज्यू, वडाध्यक्ष ज्यूहरु, नगर कार्यपालिका सदस्य ज्यूहरु, नगर सभाका सदस्य ज्यूहरु, नगरपालिकाका कर्मचारी साथीहरु सवैमा हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनहरुमा पनि यहाँहरुको सक्रिय सहभागीता, सहयोग र सहकार्यको अपेक्षा समेत गर्दछु।

**केशव कुमारी खराल**
**उप प्रमुख एवम वजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक**
**रंगेली नगरपालिका, रंगेली,मोरङ**